## स्थानिय लैङ्गिक हिंसा निवारण संचालन कार्यविधि २०८१

**प्रस्तावनाः** नेपालको संविधानमा लैङ्गिक विभेदको अन्त्य गर्ने सङ्कल्पसहित महिलालाई लैङ्गिक भेदभाव विना समान बंशीय हक सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक राज्यका सबै निकायमा समानुमातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने लगायतका मौलिक हकको प्रत्याभूति गराएको छ। **लैङ्गिक हिंसा निवारण कोष (संचालन) (दोस्रो संशोधन) नियमावली २०७६** को उपदफा ३ ख मा उल्लेखित स्थानिय लैङ्गिक हिंसा निवारण कोष स्थापना गररी लैङ्गिक हिंसामा परेका पीडित तथा प्रभावितहरुको तत्काल उदार, राहत तथा पुर्नस्थापना गर्नुपर्ने व्यवस्थाको कार्यान्वयन समेतका लागि सन्दकपुर गाउँपालिका, संघ तथा प्रदेश सरकारका साथै विभिन्न दातृ-संस्थाबाट प्राप्त रकम समेत बाट कोष स्थापना गरी प्रभावकारी ढंगबाट परिचालन गर्ने व्यवस्था मिलाउनु बाञ्छनीय भएकाले, नेपालको संविधानको धारा २२६ र स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी सन्दकपुर गाउँपालिकाको यो कार्यविधि लागू गरिएको छ।

### परिच्छेद १

### प्रारम्भिक

**१.सक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**स्थानिय लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि २०८१**" रहेको छ।

२) यो कार्यविधि स्थानिय राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुने छ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-**

क) "**समिति**" भन्नाले दफा ५ बमोजिमको समिति सम्झनुपर्छ।

ख) "**कोष**" भन्नाले दफा ३ बमोजिम स्थापना गरिएको **स्थानिया लैङ्गिक हिंसा निवारण कोष** सम्झनुपर्छ।

ग) "**पीडित**" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनुपर्छ।

घ) "**लङ्गिक हिंसा**" भन्नाले कार्यस्थलमाःहुने यौनजन्य दुव्यर्हार सामाजि कुरीतिजन्य व्यवहारलगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनुपर्छ।

ङ) "**मन्त्रालय**" भन्नाले महिला बालबालिका तथा ज्येठनागरिक मन्त्रालय सम्झनुपर्छ।

च) "**प्रदेश मन्त्रालय**" भन्नाले बागमती प्रदेश सामाजिक विकास मन्त्रालय सम्झनुपर्छ।

छ) "**गाउँपालिका**" भन्नाले सन्दकपुर गाउँपालका सम्झनुपर्छ।

ज) "**कार्यालय**" भन्नाले सन्दकपुर गाउँकार्यपालिका सम्झनुपर्छ।

झ) "**शाखा**" भन्नाले सन्दकपुर गाउँपालिकाको महिला तथा बालबालिका शाखा सम्झनुपर्छ।

### परिच्छेद २

### कोष स्थापना उपयोग संचालन तथा व्यवस्थापन

**३. कोषको स्थापनाः**

१) गाउँपालिकामा एक स्थानिय लैङ्गिक हिंसा निवारण कोष रहने छ।

२) उपदफा (१) बमोजिम कोषमा देहायबमोजिमका रहम रहनेछ।

क) गाउँपालकाको स्वीकृत बार्षिक कार्यक्रममा कोषका लागि विनियोजन गरिएको रकम।

ख) नेपाल सरकारबाट उपलबेध गराइएको रकम।

ग)) नेपाल सरकारको स्वीकृतिमा विदेशी व्यक्ति अन्तराष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम।

घ) स्वदेशी व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम।

ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

**४. कोषको उपयोगः**

(१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिने छ।

क) राहत प्रदान गर्ने तथा सहयोग उपलब्ध गराउन।

घ) कानूनी सहायता मनोवैज्ञानिक उपचार तथा मनोविर्मश प्रदान गर्न।

ङ) कुनै व्यवसाय वा स्वरोजगारको लागि व्यवसाय स्थापना खर्च अनुदान प्रदान गर्न।

च) पुर्नस्थापना गराउन।

छ) लैंङ्गिक हिंसा र यौनजन्य दुव्यर्हारकङ्को कसुरबाट पीडितले प्रचलित कानूनबमोजिम कसुरदारबाट प्राप्त गर्नुपर्ने क्षतिपुर्ति त्यस्तो कुसुरदारको कुनै सम्पत्ति नभएको कारणबाट प्राप्त गर्न नसक्ने देखाई अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपुर्ति स्वरुप भराउन लेखि आएमा।

ज) पीडितका लागि समितिले तोकेबमोजिमका अन्य कार्यका लागि।

(२) उपदफा (१) मा जुनकुनै लेखिएको भएता पनि समितिले लैंङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोरकिशोरी वा लैंङ्गिक हिंसाबाट प्रभावित भई लागु पदार्थको दुव्यर्सनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथामिकता दिई कोषको रकम खर्च गर्न सक्ने छ।

**५. स्थानिय तत्काल उदार तथा राहत समितिको गठनः**

(१) कोषको संचालन तथा व्यवस्थापन गर्ने कामसमेको लागि तत्काल उदार तथा राहत समित रहने छ।

| | |
|---|---|
| क. गाउँपालिका उपप्रमुख | -अध्यक्ष |
| ख. प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| ग. प्रमुख-स्वास्थ्य शाखा | -सदस्य |
| घ.प्रमुख- शिक्षा शाखा | -सदस्य |
| ङ. प्रमुख-स्थानीय प्रहरी चौकी | -सदस्य |
| च. लैं.हिं.नि.का क्षेत्रमा कार्यरत संस्था मध्येबाट समितिले तोकेको संस्थाको प्रतिनिधि १ | -सदस्य |
| छ.महिला तथा बालबालिका शाखा प्रमुख | -सदस्य सचिव |

२) उपदफा १ (च) बमोजिमको सदस्यको पदावधि ३ वर्षको हुनेछ।

३. समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित व्यक्तिलाई आमन्त्रण गर्ने सकिने छ।

४. समितिको सचिवालय गाउँपालिकामा रहने छ।

५. समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुने छ।

**६. समितिको काम कर्त्तव्य र अधिकार :**

१. समितिको काम कर्त्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क. पीडित तत्काल उद्धार,राहत तथा र पुर्नस्थापनाको लागि आर्थिक समितिसंग समन्वय गर्ने।

ख. राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने गराउने।

ग. केन्द्रिय तत्काल उदार तथा राहत समिति प्रदेश तत्काल उद्धार तथा राहत समितिसंग समन्वय गर्ने।

घ. लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत संघ संस्था निकाय बीच समन्वय सहकार्यमा विविध कार्यक्रम सन्चालन गर्ने।

ङ. कोष बृद्धिका लागि श्रोतको खोजी।

च. लैङ्गिक हिंसा निवाकरण सम्बन्धी अन्य काम गर्ने।

**७. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :**

१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरि उपलब्ध गराईने छ।

क) पीडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम खाना खर्च वापत प्रतिदिन तीन सय रुपैयाँ र बास बस्नुपर्ने भए सो वापत छुट्टै रकम दिनुपर्ने भएमा प्रति दिन पाँच सयको दरले बढीमा पाँचहजार रुपयाँ।

ख) पीडितलाई अस्पतालमा भर्ना गरी औसधी उपचार गर्नु पर्ने भएमा अस्पताल आउँदाजाँदा सवरी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवरी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम खाना खर्च वापत प्रति दिन तीन सय रुपैयाँ अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा पाँच दिनको बसोबास खर्च लागेको यर्थात खर्च। पीडितसँग आश्रित बालबच्चा भए बालबालिकाका लागि पनि सोही दरमा खाना खर्च उपलब्ध गराउन सकिनेछ।

ग) कानूनी सहायता मनोवैज्ञानीक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्त खर्च।

घ) कुनै व्यवस्था वा स्वरोजगारको लागि प्रस्ताव सहित माग भएमा व्यवसाय स्थापना खर्च अनुदान (बस्तुगत वा नगद) बढीमा (३००००।- तीस हजार) रुपैयाँ।

ङ) पुर्नस्थापनाको लागि बढीमा ५०००।- (पाँच हजार) रुपैया।

च) समितिले तोकेबमोजिमको अन्य कामको लागि प्रकृति हेरी बढीमा १००००।- (दस हजार) रुपैयाँ।

२) उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा पुनः निवेदन दिएमा र सो व्यहोरा मनासिब देखिएमा समितिले त्यस्तो पीडितलाई २०००।- (दुई हजार) रुपैयाँमा नबढ्ने गरी मनासिब रकम थप गरि दिन सक्ने छ।

**८. राहत तथा आर्थिक सहयोग प्राप्त गर्ने प्रकृयाः**

१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले मनासिब कारण खुलाई अनुसूचि १ को ढाँचामा कार्यालयमा निवेदन दिनु पर्नेछ।

२) निवेदन जाँचबुझ गर्दा राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा राहत समितिले दफा ६ को अधीनमा रहि पीडितलाई राहत तथा आर्थिक सहयोग उनलब्ध गराउने छ।

३) कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पिन जलाइएको एसिड प्रयोग गरि वा छर्किइ वा त्यस्तो पदार्थले पोलेको लगायतको गम्भीर प्रकृतिका घटनाका पीडितलाई उदार औषधी उपचार मुर्नस्थापना वा राहत लगायतको प्रयोजनका लागि तत्काल आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर मानवीय क्षति हुने देखिएमा र तत्काल समितिको बैठक बस्ने अवस्था नरहेमा समितिका अध्यक्षले आवश्यकता र औचित्यका आधारमा समितिबाट पछि अनुमोदन हुने गरि मानसिब रकम कोषबाट पीडितलाइ उपलब्ध गराउन सक्नेछ।

## परिच्छेद ४

## कोषको संचालन

## वित्तिय व्यवस्थापन

**९. कोषको खाता सञ्चालनः**

(१) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको सयुक्त दस्तखतबाट संचालन हुनेछ। उपदफा (१) बमोजिमको कोषको रकम पालिकाले कारोबार गर्ने बैंकमा छुट्टै खाता खोली जम्मा गरिने छ।

**१०. लेखा तथा अभिलेखः**

(१) कोषको आय व्ययको लेखा प्रचलित कानून प्रणाली बमोजिम राखिने छ।

(२) शाखाले कोषको स्रोत तथा उपयोगको हिसाब देखिने गरी स्थायी किताब खडा गरी चौमासिक तथा बार्षिक रुपमा अद्ययवधिक गरिएको हिसाब अर्थिक प्रशासन शाखाको प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वा तोकेको अधिकृतबाट प्रमाणित गारइराख्नुपर्दछ

(३) समितिले कोषसँग सम्बन्धित अन्य अभिलेख समेत राख्नुपर्ने गरी शाखालाई तोक्न सक्नेछ।

**११. कोषको रकम अन्य प्रयोजनमा खर्च गर्न नसकिनेः**

(१) कोषको रकम दफा ४ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिको सचिवालय तथा बैठक संचालन खर्चको लागि कोषको रकम उपयोग गर्न सकिने छ।

**१२. प्रगित प्रतिवेदनः**

(१) समितिबाट भए गरेका कामकारवाहीको बार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र शाखाले गाउँकार्यपालिका समक्ष पेश गर्नु पर्दछ । साथै सो प्रतिवेदन केन्द्रिय तत्काल उदार

२) गाउँपालिकाले (१) बमोजिमको प्रतिवेदन सार्वजनिक गर्नुपर्नेछ।

**१३. कोषको लेखा परिक्षणः**

(१ ) कोषको आष व्ययको आन्तरिक लेखा परिक्षण गाउँपालिकाको आन्तरिक लेखा परिक्षण शाखाबाट गरिने छ।

(२) कोषको अन्तिम लेखापरिक्षण महालेखापरिक्षणको कार्यालयबाट हुनेछ।

## परिच्छेद ५

## विविध

**१४.समितिले यो कार्यविधिमा उल्लेखित कार्यहरुका अतिरिक्त यो कार्यविधिमा व्यवस्थाहरुको कार्यान्वयनका लागि आवश्यक आधार तथा प्रक्रियाहरु निर्धारण गरेन सक्नेछ।**

**१५. बाधा अड्काउ फुकाउनेः** यो कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै बाधा, अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा, अड्काउ फुकाउन सक्ने छ।

## अनुसूची १

श्री अध्यक्षज्यू,
स्थानिय तत्काल उदार तथा राहत समिति,
सन्दकपुर गाउँपालिका, इलाम ।

विषयः सहयोग उपलब्ध गराई पाँउ ।

म यस सन्दकपुर गाउँपालिका वडा नं. .......... बस्ने वर्ष ..........को .........................मितिमा लैंङ्गिक हिंसाबाट पीडित भएको छु । मेरो आर्थिक अवस्था कमजोर रहेको हुदाँ लैंङ्गिक हिंसाको कारणले मेरो मानसिक/ शारीरिक/ सामाजिक अवस्था कमजोर रहेको हुनाले मलाई उदार/ औषधी उपचार/ कानूनी सहायता एवं परामर्श / मनोविर्मश/ स्वरोजगार/ पुर्नस्थापना/ अन्य .............................कामको लागि सहयोगको आवश्यकता परेको हुदाँ स्थानिय लैंङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गाराई दिनुहुन यो निवेदन पेश गरेको छु ।

निवेदकः
नाम थर......................
ठेगाना.......................
दस्तखत..................
मिति........................